
परी प्रकाशन
(साहित्य, सृजना एवम् निरन्तरता)



# परी

## परी प्रकाशनको मुखपत्र

परी प्रकाशन

(साहित्य, सृजना एवम् निरन्तरता)

प्रकाशकः

परी प्रकाशन, सोरेङ, पश्चिम सिक्कम

# परी प्रकाशनमाथि मेरो मन्तव्य

जीवनमा जति बेला आफैलाई पढ्ने अवसर पाएँ तब मेरो भौतिक शरीरको उपस्थितिबाहेक बचाइको मूल्य भनेको सृजना रहेछ, जो अनन्तकालसम्म बाँचिरहन्छ भन्ने अनुभूति गरें। मान्छेले आफ्नो जीवनकालमा गरेका सम्पूर्ण क्रियाहरू उसँगै विलिन हुनसक्ला तर उसको कला, सृजना अथवा कृतिहरू सधैं अमर रहन्छन्। कला सृजनाका विभिन्न क्षेत्रहरू छन्। साहित्य लेखिनु एउटा बौद्धिक कला हो। साहित्यले समाजको अस्तित्वलाई सधैं बँचाएर राखिरहेको हुन्छ। विश्वका अनेकौं जाति, समाज, सम्प्रदायलाई साहित्यले आ-आफ्नो अनुहार दिएको छ, जसले उनीहरूको परिचय दिइरहेको हुन्छ। यसै सन्दर्भमा सिक्किमेली साहित्यले सिक्किमको माटो, समाज, संस्कृतिको पहिचान विश्वमा दिइरहेको छ।

निरन्तर विकसित मानव सभ्यताको यस चरणसम्म आइपुग्दा साहित्यले पनि समाज अनुकूल आफ्नै स्वरूप निर्माण गरिसकेको छ। अब यसलाई निरन्तरता दिनका निम्ति युगानुकूल बौद्धिक समूह र सृजनाको आवश्यकता छ। सिक्किमेली साहित्यको गति र दिशालाई नयाँ उज्यालोतर्फ लाने सोँच राखेर यो प्रकाशन तपाईंहरू साहित्य सर्जकहरूको निम्ति तय गरिएको मञ्च हो। आफू राजनीतिक क्षेत्रबाट समृद्ध सिक्किमको निर्माण गर्ने विचारधारा राख्दा राख्दै पनि साहित्यले चिन्हाएको एउटा सृजनशील अनि बौद्धिक समाज पनि यहाँ निर्माण होस् भन्ने मेरा चाहना हो। साहित्य सृजनामा मैले कम समय दिनसके तापनि साहित्यमा रमाउने मेरो आदतको परिणाम स्वरूप यो परी प्रकाशन स्थापना हुन सकेको छ।



सिक्किमेली साहित्यको आफ्नै पहिचान हुँदा-हुँदै पनि आउँदो भविष्यमा यसलाई निरन्तरता दिएर युगसापेक्षित साहित्य सृजना हुनसकोस् र ती ओझलमा परेका सबै सृजनाहरूले समाजमा आएर एउटा नवीन अवधारणा जन्माउन सकोस् भन्ने धारणासहित यो प्रकाशन ति सृजनशील सर्जकहरूको निम्ति निर्माण गरिएको हो। आउँदो दिनहरूमा परी प्रकाशनले राम्रा राम्रा कृतिहरू दिएर नेपाली साहित्यको मलिलो फाँटलाई अझ समृद्ध तुल्याउ सकोस् भन्ने अपेक्षा राखेको छु। परी प्रकाशनको स्थापना गरेर सिक्किमेली साहित्य क्षेत्रमा नवीन पहल गर्ने हौसला थपेर साथ दिनुहुने परी प्रकाशनका सम्पूर्ण सदस्य/सदस्याहरूप्रति म कृतज्ञ छु। सिक्किमका स्थापित अनि नयाँ सिकारू सर्जकहरू सबैको साथ सहयोगको अपेक्षा राख्दै भविष्यमा परी प्रकाशनले एउटा इतिहास निर्माण गर्न सकोस् र मलिलो साहित्य वतावरणको निर्माण हुन सकोस भन्ने मेरो धारणा छ। कला सृजनाका सम्पूर्ण सर्जकहरूलाई स्वागत गर्दैं तपाईंहरूको साथ सहयोगको अपेक्षा राखेको छु।

धन्यवाद

12/11/2070

प्रेमसिंह तामाङ (गोले)
मुख्य संरक्षक
परी प्रकाशन, सोरेङ पश्चिम सिक्किम

# परी प्रकाशन, सोरेङ पश्चिम सिक्किम

पश्चिम सिक्किमको सोरेङ राजनीतिमा जति अघि छ, त्यत्तिकै साहित्य क्षेत्रमा पनि छ। साहित्य र राजनीति सम्बन्धका आधारमा देखिँदा जति पृथक छ त्यतिकै नजिक पनि छ। साहित्यमा राजनीति नहुनसक्ला तर राजनीतिमा भने साहित्य कुनै न कुनै रूपमा समावेश भएकै हुन्छ। राजनीतिका दृष्टिमा जसरी पार्टीका नामकरण गरी योजना दिइन्छ, साहित्यले पनि त्यसरी नै समाजको चित्रण उजागर गर्ने गर्छ। यसरी हेर्दा सोरेङमा दिग्गज-दिग्गज राजनीतिज्ञहरू भए जस्तै विद्वान साहित्यकारहरू पनि नभएका होइनन्। यसैले एउटा खट्किरहेको प्रकाशनको अभाव पूरा गर्न यो परी प्रकाशन स्थापित गरिएको हो। यो प्रकाशन, प्रकाशनका दृष्टिमा सोरेङका निम्ति पहिलो बनेको छ। विभिन्न सामाजिक संस्थाहरू छन्। गाउँ- गाउँमा गाउँले समाजहरू छन्। तर पुस्तक प्रकाशन गर्न सहयोग गर्ने यस्तो कुनै प्रकाशन भने थिएन। यसैले यो प्रकाशनले पहिलो इतिहास लेख्दैछ।

सोरेङमा यस्तो प्रकाशन स्थापित गरिनु पर्छ भनेर सिङ्गलिङ्ग निवासी श्रीमान् प्रेमसिंह तामाङ (गोले) ज्यूले निर्देशन दिनु भएको हो। आफू सिक्किम राज्यको मुख्यमंत्री भएर पनि साहित्यकारहरूलाई प्रोत्साहित गर्न हेतु यस्तो प्रकाशन खोलिनु पर्ने विषय सोँच्नु साधारण मानिदैन। साहित्य समाजको दर्पण हो भनिएको सत्यतालाई प्रमाणित गर्न यो प्रकाशनले कार्य गर्नेछ। सिक्किमका अन्य क्षेत्रहरूमा यस्ता विभिन्न साहित्य संस्था, प्रकाशन नभएका होइनन् तर यो प्रकाशनले थप नयाँ कल्पना सृजना गरोस् भन्ने ध्येय राखिएको छ। श्रीमान्



प्रेमसिंह तामाङ (गोले) आफू त्यति लेखदैनन् तर लेख्नेहरूलाई प्रोत्साहन गर्न पछि हट्दैनन्। यो उनकै जोड हो।

**प्रकाशनको नाम परी प्रकाशन नै किन?**

प्रकाशनको नाम जुराउन धेरैबेर मथिंगल मन्थन गर्न पर्ने भए पनि परी नामकरण गर्न सायदै छोटो समय लागेको थियो। परी एउटा स्त्रीलिङ्गी शब्द हो, जसको अर्थ सौन्दर्य भन्ने लाग्दछ। शब्दकोशका आधारमा हेर्ने हो भने परी भनेको पखेटा हुने एक अप्सरा, स्त्रीजाती बुझिन्छ। पुराण, दन्त्यकथा, आदिमा वर्णित आवश्यकताको बोध हुँदा प्रकट हुने शक्ति भएकी सुन्दरी। अति राम्री युवती। परम सुन्दरी स्त्री।

अब यो प्रकाशनले परी झैं सुन्दर साहित्य सृजना गर्नेछ, परी जस्तै सुन्दर साहित्यिक कृतिहरूको प्रकाशन गर्नेछ भन्ने विश्वास साँचेका छौं। पुराण, लोककथा आदिमा वर्णित परीका कथा जस्तै यो प्रकाशनले अब प्रकाशित गर्ने पुस्तक र यो प्रकाशनको कार्य यसरी नै महान ग्रन्थको रूपमा समावेश भइदिउन भन्ने लागेको छ र यो प्रकाशनले त्यस्ता आर्थिक अभावका कारण पुस्तक प्रकाशन गर्न नसकिरहेका लेखकहरूलाई परी झैं प्रकट भएर सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लागेको छ।

यो प्रकाशनले १ अक्टोबर २०२० को दिन सोरेङ, वरिष्ठ माध्यमिक विद्यालयको विज्ञान प्रयोगशाला (Atal Tinkering Laboratory) मा जन्मिने भाग्य पाएकोले साहित्यले विज्ञानलाई साथ लिएर हिंडने बाटो खोलिएको अनुभव गरिएको छ। यसमा सोरेङ स्कूलप्रति सभा गर्ने

अनुमति दिनु भएकोमा प्राचार्य एस. पी. शर्माप्रति अनुगृहित त छँदै छौं त्यसपरतिर आफ्नो अधिनमा रहेको प्रयोगशालालाई हाम्रो विश्वासमा छोडिदिएर सभा गर्ने प्रवन्धसम्म मिलाई दिने शिक्षक रोशन शर्माप्रति हामी आभारी छौं।

यो प्रकाशनको जन्म भएको छ र यसलाई ताते गराउन सहयोगि हात तपाईंहरूले आवश्य दिनु हुनेछ। यसलाई विस्तार-वस्तार जवान बनाउनमा तपाईंहरूको स्वस्थ सुझावहरूको अपेक्षा गरेका छौं। तपाईंहरूको आशिर्वादमा भर परेका छौं। यो परी प्रकाशनको पहिलो कार्यक्रम मुखपत्रको रूपमा "परी" लाई लोकार्पण गर्न पाउँदा हर्ष अनुभूति भएको छ। भविष्यमा साहित्यका अन्य विविध कार्यक्रम लिएर भेट्ने अभिलाषा राख्दछु। विश्वास छ आशिर्वाद प्रदान गर्न यहाँहरू पछि फर्कनुहुने छैन, विश्वास छ समर्थन र सहयोगलाई।

धन्यवाद

सी. पी. शर्मा
अध्यक्ष,
परी प्रकाशन, सोरेङ, पश्चिम सिक्किम



# परी प्रकाशनको मूख पत्र

साहित्यले भाषिक कला र यसको सौन्दर्यलाई एउटा आकार दिन्छ अनि मानव चेतनाको मनोवैज्ञानिक सौन्दर्य चेतमा सृजनात्मक अवधारणा निर्माण गर्दछ। भाषा मानव जातिको अस्तित्व हो भने साहित्यले यसको कलात्मक अवधारणालाई स्थापना गर्दै मानव समाजको सबै पक्षलाई अभिव्यक्ति दिँदछ। साहित्यमा समाज, राजनीति, मानवशास्त्र, अर्थशास्त्र इत्यादी स्वतः जोडिएर आउँदछ भने यी विभिन्न विषयहरूबाट साहित्यले मानव समाजको अनुहार अनि इतिहासलाई प्रतिनिधि गर्दछ।

अहिले साहित्यलाई सांस्कृतिक अध्ययनको एउटा पक्षको रूपमा हेरिन्छ। एकापटी समसामयिक सांस्कृतिक अध्ययनका थुप्रै नयाँ पक्षहरू छन् भने अर्कोपटी साहित्यले त्यसलाई समावेशी अवधारणाको रूपमा प्रस्तुत गर्दै आइरहेको छ। अहिले आएर साहित्य पारम्परिक चेतनामा रहेको कला, सौन्दर्य, मनोरञ्जनको साधनमा मात्र सिमित नरहेर मानव समाज, संस्कृति, इतिहासलाई प्रस्तुत गर्दै उत्तरआधुनिक भर्चुअल समाजको चेतनासम्म आइपुगेको छ। समाज, संस्कृति र जातीय पहिचानको यस घडिमा साहित्यले यी बिषयलाई केन्द्रिय स्वरको रूपमा अभिव्यक्ति दिँदै आइरहेको छ।

विश्वका विभिन्न जाति, उपजातिका समाज, संस्कृतिलाई साहित्यले प्रस्तुत गर्दै आइरहेको यस अवस्थामा साहित्यलाई केवल जातीय संस्कृति, पहिचानको नारा बोकाउने माध्यम मात्र नबनाएर

साहित्यको मूल्य र मान्यता अनि यसले दिने अवधारणात्मक शक्तिलाई पनि बहस गर्नु पर्ने अवस्थामा हामी आइपुगेका छौं।

राजशासनकालमा बिजारोपन भएको सिक्किमेली साहित्यले वर्तमान लेखन परिपाटीसम्म आइपुग्दा थुप्रै उत्तर चढाउहरूको सामना गर्दै आएको छ। प्रारम्भिक चरणमा सिक्किमेली साहित्य, समाज जागरूकता एवम् भाषा साहित्यको विकास अनि संवर्धनको उद्देश्यमा सुरू भएर विभिन्न प्रवृत्तिहरूलाई अँगाल्दै अहिलेको उत्तरआधुनिक लेखन चेतनाको नवीन वैचारिक परिधिभित्र आइपुग्दा यसका विभिन्न स्वरूपहरू देख्न पाइन्छ। भारतीय नेपाली साहित्यको विस्तृत स्वरूपभित्र सिक्किमेली साहित्यको स्वरूप एवम् लेखन प्रवृति तुलनात्मक रूपमा छुट्टै देखिन्छ। अपतन साहित्य संस्थादेखि सिक्किमेली साहित्यले एउटा गति समातेर अघि आएको छ। राजशासनकालको संक्रमण अवस्थामा ग्रिसेली दार्शनिक अरिसटोटलको प्राकृतिक सत्य र त्यसको सृजनात्मक अनुकरणको अवधारणामा मिल्दो जुल्दो सिक्किमेली साहित्यले समाज, राजनीति, आदर्श विचारधारालाई यथार्थ रूपमा प्रस्तुत गरेको पाइन्छ।

अहिलेको उत्तरआधुनिक वैज्ञानिक युगको उच्च धुरीमा आएर साहित्यले आफ्नो छुट्टै स्वरूप निर्माण गरिसकेको छ र यसले दिइरहेको सौन्दर्य भने अझ नयाँ-नयाँ रूपमा प्रस्तुत हुँदै आइरहेको छ। होमी के भाभाको हाइब्रिड कल्चरको अवधारणाबाट हेर्दा अहिले वैश्विकरणको ठुलो प्रभावभित्र साहित्यले हाइब्रिड कल्चरलाई लिएर विभिन्न जाति, समाज, राष्ट्रको मिश्रित संस्कृति र यसले निर्माण गरेको



छुट्टै स्वरूपलाई अध्ययन गर्दै आइरहेको छ। मेथ्यु आर्नोल्डले साहित्यले संस्कृतिलाई प्रस्तुत गर्दा गर्दै पनि संस्कृतिबाट प्रस्तुत हुने मानव सभ्यता एवम् पहिचानलाई सौन्दर्य दिएर अभिव्यक्ति दिँदछ भन्ने विचार राखेका छन्। यसै सन्दर्भमा वर्तमान साहित्य लेखनको अभिप्रायलाई चिन्तन गर्दा अहिलेको लेखन प्रवृत्तिमा अत्याधिक रूपमा आफ्नो समाज, सभ्यता, जाति, संस्कृतिको एउटा नोस्टालजीय बोकेर नवीन प्रवृत्तिहरूमा प्रस्तुत हुँदै आएको देखिन्छ।

सिक्किमेली साहित्यलाई विकास गरेर लानुमा अपतन, आँकुरा, स्रष्टा, स्थापना, निर्माण, नेपाली साहित्य परिषद् आदि जस्ता साहित्य संस्थान एवम् प्रकाशनको भूमिका पनि उत्तिकै अतुलनीय छ। स्थापित साहित्यकारहरूका कृतिहरूको संकलन अनि प्रकाशनसँगै थुप्रै मौलिक कृतिहरू पनि यी साहित्यिक संस्थान अनि प्रकाशनहरूले दिइसकेको छ। यस्तै अमूल्य साहित्यिक कृतिहरूको खोजी गरेर प्रकाश गर्नु अनि वर्तमान नयाँ सर्जकहरूका अप्रकाशित रचनाहरूलाई प्रकाशनमा ल्याउने मूल उद्देश्यमा यो परी प्रकाशनको स्थापना भएको हो।

लामो समयदेखि सिक्किमको राजनीतिमा संलग्न प्रबुद्ध राजनीतिज्ञ श्रीमान् प्रेमसिंह तामाङ (गोले) को भाषा साहित्यप्रतिको माया र उन्नतशील विचारको कारण परी प्रकाशन जन्मनु सफल भएको छ। राजनीतिक क्षेत्रमा व्यस्त रहँदा रहँदै पनि साहित्यप्रतिको लगाव र प्रेमको कारण अनि सिक्किमेली साहित्यको गतिलाई नयाँ

दिशा दिनको निम्ति श्रीमान् गोले आफै प्रमुख संरक्षकको रूपमा रहेर परी प्रकाशनको स्थापना गरिएको हो।

सिक्किमेली साहित्य क्षेत्रमा एउटा नयाँ दिशा दिएर साहित्य सर्जकका कृतिहरूलाई उच्चित मूल्याङ्कन दिन र साहित्य क्षेत्रमा सर्जकहरूको निरन्तर उत्साहको निम्ति परी प्रकाशन स्थापना भएको हो। कला, साहित्य एवम् सृजनात्मक कृतिहरू सधैँ जिउँदो रहन्छन्। साहित्य सृजनाले बौद्दिक समाजको स्थापना मात्र नगरेर समाज, राज्य, राष्ट्रको सम्पूर्ण पक्षलाई प्रतिनिधि पनि दिइरहेको हुन्छ। यसर्थ साहित्यको दिशाबाट सिक्किमलाई नयाँ रूपमा चिनाउन सकोस, यसमा नयाँ-नयाँ चेतनाको विकास होस्, बहस होस् र आउँदो पीढिलाई मार्गदर्शन बन्नसकोस् भन्ने परी प्रकाशनको अभिप्राय रहेको छ। यही उद्देश्यहरूको साथमा १ अक्टोबर २०२० मा परी प्रकाशनको स्थापना भएको हो। अब नयाँ बौद्दिक जमातले सिक्किमको साहित्यलाई नयाँ दिशा दिन सकोस, नवीन अवधारणाहरूमाथि बहस होस् विद्यार्थी, शोधार्थीहरूको सृजनालाई अनि आर्थिक संकटको कारण प्रकाशनमा आउन नसकेका उत्कृष्ट सृजनाहरूलाई प्रकाशनमा ल्याएर त्यसको चर्चा एवम् मूल्याङ्कन हुन सकोस् भन्ने धारणामा परी प्रकाशनले भाषा साहित्यको उन्नति र विकासमा नयाँ कदम चालेको हो।

पश्चिम सिक्किमको सोरेङ राजनीति र साहित्यि दुवै क्षेत्रमा उर्वर छ। सिक्किमको राजनीतिमा इतिहास निर्माण गरिसकेको सोरेङ क्षेत्रबाट परी प्रकाशनको स्थापना गरेर साहित्यको विकासमा अर्को इतिहास निर्माण गर्न पाउनु हामी परी प्रकाशन समितिको अहोभाग्य



सम्झन्छौँ। यहाँबाट धेरै वरिष्ठ साहित्यकारहरूले आफ्नो उत्कृष्ट कृतिहरू दिइसकेका छन्। भविष्यमा यी स्थापित साहित्यकारहरूबाट अझ राम्रो कृतिहरू सृजना हुनसकोस् भन्ने अपेक्षा राख्दछौँ। परी प्रकाशनले यी कृतिहरूको उच्चित मूल्याङ्कन गर्नेछ साथै आउँदो युवा साहित्य सर्जकका सृजनाहरूलाई पनि प्रकाशन गरेर त्यसको अध्ययन एवम् मूल्याङ्कनको निम्ति जनसाधरणमा ल्याउने छ। ओझलमा परेका यस्तै महत्वपूर्ण कृर्तिहरूको खोज अनुसन्धान गरेर त्यसलाई जिउँदो राख्ने लक्ष्यमा यस प्रकाशनले काम गर्नेछ।

परी भन्नाले सुन्दरी वा अप्सरा भन्ने बुझिन्छ। प्रकृति, सृजना र सौन्दर्यको समरूपमा परीलाई हेर्न सकिन्छ। साहित्य भाषिक कला वा सृजना हो। साहित्यको आफ्नै सौन्दर्य हुन्छ जस्तो परीले आफ्नो प्राकृतिक सौन्दर्यले ब्रह्माण्डमै आकर्षणल रूप र कृति स्थापना गरेको पाइन्छ। साहित्य कला हो, जसको सृजना हुन्छ र त्यसको सौन्दर्यको प्रशंसा वा मूल्याङ्कन हुन्छ। यसरी परी र साहित्यको समिप सम्बन्ध पाइने हुनाले यस प्रकाशनको नाम परी प्रकाशन राखिएको हो। सिक्किमेली साहित्य सृजनाले आफ्नै सौन्दर्य बोकेर निरन्तर अघि बढिरहोस् र एउटा नयाँ दिशा वा गतिबाट कला साहित्यको मूल्याङ्कन भइरहोस् भन्ने उद्देश्य यस प्रकाशनको रहेको छ।

**परी प्रकाशनका सदस्य/सदस्याहरू**

मुख्य संरक्षक- प्रेमसिंह तामाङ (गोले)

अध्यक्ष- सि. पी. शर्मा

उपाध्यक्ष- सोनाम दोङ्ग

सचिव- रेमन थापा

सहसचिव- जयन्ती मुखिया

कोषाध्यक्ष- शारदा तामङ

सहायक कोषाध्यक्ष- दिनाक पाण्डे

प्रचार सचिव- शसिकुमार राई

सहप्रचार सचिव- मन्दिरा रावत

सम्पादक- रतन रसाइली

सहसम्पादक- भीमकुमार शर्मा

तकनीकि साचिव- अमिर भण्डारी

तकनीकि सहायक- निमा लामु तामङ

सांस्कृतिक सहायक- धर्मेन्द्र कुमार भण्डारी

परी प्रकाशन
(साहित्य, सृजना एवम् निरन्तरता)